# विस्तृत शान्ति सम्झौताका दश वर्ष : मानव अधिकार अवस्था

# संक्षिप्त प्रतिवेदन

२०७३ मंसिर ५ गते


राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर

## १. पृष्ठभूमि

नेपाल सरकार र तत्कालीन ने.क.पा. (माओवादी) बीच २०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौताले नेपालमा २०५२ फागुन १ गतेबाट सुरु भएको सशस्त्र द्वन्द्वको विधिवत अन्त्य गरेको थियो । सशस्त्र द्वन्द्वको क्रममा हत्या, अङ्गभङ्ग, यातना अमानवीय एवं अपमानजनक व्यवहार, दुर्व्यवहार, बलपूर्वक बेपत्ता, यौन दुर्व्यवहार, अपहरण, धम्की, बलपूर्वक विस्थापन, सम्पत्ति कब्जा तथा नष्ट, बालबालिकालाई सशस्त्र द्वन्द्वमा सहभागी गराउने कार्य, व्यक्तिलाई इच्छा विपरीत सशस्त्र द्वन्द्वमा संलग्न गराउने जस्ता गम्भीर मानव अधिकार हनन्का घटनाहरू भएका थिए ।

विस्तृत शान्ति सम्झौतामा सशस्त्र द्वन्द्वको व्यवस्थापनसम्बन्धी विविध व्यवस्थाहरू रहेका छन् जसमा मानव अधिकारसम्बन्धी व्यवस्थालाई महत्वका साथ उल्लेख गरिएको पाइन्छ । उक्त सम्झौतामा उल्लिखित मानव अधिकारसम्बन्धी प्रावधानहरूको कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई प्रदान गरिएको छ ।

विस्तृत शान्ति सम्झौता भएको दश वर्ष पूरा भएको सन्दर्भमा आयोगले यस अवधिमा मानव अधिकार अवस्थाको बारेमा गरेको अनुगमन एवं आयोगमा दर्ता भएका उजुरीमाथिको अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा यो संक्षिप्त प्रतिवेदन तयार गरिएको छ ।

## २. विस्तृत शान्ति सम्झौताको सकारात्मक परिणाम

सशस्त्र द्वन्द्वको अन्त्यसँगै मानव अधिकार संरक्षण र सम्बर्द्धनको क्षेत्रमा सकारात्मक संकेतहरू देखा परे । सर्वसाधारण नेपाली नागरिकसमेत राष्ट्र प्रमुखसम्म हुनसक्ने व्यवस्था भयो । तत्कालीन विद्रोही पक्ष मुलुकको राजनीतिक मूल प्रवाहमा समाहित भयो । तत्कालीन विद्रोही पक्ष ने.क.पा. (माओवादी) का लडाकुहरूको समायोजन र हतियार व्यवस्थापनका कामहरू भए । संविधानसभाबाट २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो । यस संविधानले मौलिक अधिकारको दायरा फराकिलो पारेको छ । राज्यले समानुपातिक समावेशी सिद्धान्तलाई अंगीकार गरेको छ । त्यस्तै गणतन्त्र, संघियता, धर्मनिरपेक्षता लगायतका बिषयबस्तुहरु नेपालको संविधानको मूल सिद्धान्त बनेका छन् । हाल मुलुकको राष्ट्र प्रमुख, व्यवस्थापिका र न्यायपालिका प्रमुखमा महिलाको नेतृत्व स्थापित भएको छ भने संविधान सभाको पहिलो निर्वाचनमा ३२.८ प्रतिशत र दोश्रो निर्वाचनमा ३० प्रतिशत महिलाहरू चुनिन सफल भए । मानिसको जीवन, मर्यादा, स्वतन्त्रता, समानता र आवतजावतको अधिकार उपभोगमा सहजता भयो । शान्ति तथा पुनर्निर्माण मन्त्रालयलगायत संक्रमणकालीन न्यायका संयन्त्रहरू; सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको गठन भयो ।

मानव अधिकारका विषयहरू नागरिक तथा राजनीतिक अधिकारमा मात्र केन्द्रित रहने गरेको सन्दर्भमा आर्थिक तथा सामाजिक अधिकारका विषयहरूले पनि प्राथमिकता पाउन थालेका छन् । खाद्य सम्प्रभुता तथा उपभोक्ताको अधिकार एवं अपराध पीडितको अधिकारलगायतका महत्वपूर्ण अधिकारहरूले मौलिक हकको मान्यता पाए । दलित, मधेशी, थारु, मुस्लीम, आदिवासी जनजाति, कमैया, हलिया, कमलरी, हरवा चरवा, यौनिक तथा लैङ्गीक अल्पसंख्यक जस्ता सिमान्तीकृत समूहका अधिकार संरक्षणको विषयमा सकारात्मक पहलहरू भएका छन् ।

जमिनमुनि बिछ्याइएका बारुदहरू निष्कृय पार्ने कार्यहरू भए । विस्थापितहरूको पुनर्स्थापना तथा सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका घरजग्गाहरू फिर्ता गर्ने प्रतिवद्धता उल्लेख्य रूपमा कार्यान्वयनमा आएको छ । जबर्जस्ती चन्दा असुल गर्ने कार्यमा कमी आएको छ । युद्धको कारण नष्ट भएका सरकारी संरचनाहरूको पुनर्निर्माण गर्ने कार्य अगाडि बढेको छ । अठार वर्षभन्दा कम उमेरका बालबालिकाहरू सैन्यबलमा संलग्न गराउने कार्य रोकियो । यस अवधिमा अधिकांश द्वन्द्व पीडितहरूले अन्तरिम राहत प्राप्त गरे । यसबाट मुलुकको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा सकारात्मक प्रभाव परेको छ । आम नागरिकले एउटा त्रासदीपूर्ण वातावरणबाट अवतरण गरेको महशुस गरेका छन् ।

## ३. शान्ति सम्झौतामा मानव अधिकारसम्बन्धी व्यवस्था र कार्यान्वयन

विस्तृत शान्ति सम्झौतामा उल्लेख भएका मानव अधिकारसम्बन्धी व्यवस्था र त्यसको कार्यान्वयन अवस्था यस प्रकार रहेको पाइएको छ :

### क) बाँच्न पाउने अधिकार

विस्तृत शान्ति सम्झौतामा व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्ने तथा मृत्युदण्ड दिने गरी कानुन नबनाउने प्रतिवद्धता व्यक्त गरिएको छ । उक्त प्रतिवद्धताबमोजिम नेपालको संविधानमा व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा समावेश गरी मृत्युदण्डको सजाय दिने गरी कानुन नबनाइने कुरा उल्लेख छ ।

सशस्त्र द्वन्द्वपछि पनि अपेक्षित रूपमा व्यक्तिको बाँच्न पाउने अधिकारको सम्मान हुन सकेन । खासगरी शान्ति सम्झौतापछि भएका मधेशी, जनजाती, थारु लगायतका सिमान्तकृत समुदायका आन्दोलनहरुमा सुरक्षाकर्मीबाट भएको अत्याधिक बलको प्रयोग र आन्दोलनकारीहरुको हिंसात्मक कार्यले मानिसको बाँच्ने पाउने अधिकारको उल्लंघन भएको छ । सरकार र तत्कालीन नेकपा (माओवादी) बाट विभिन्न घटनामा व्यक्तिहरु मारिएका तथ्यहरु प्राप्त भएका छन् । आयोगको अभिलेखअनुसार यस अविधमा सरकार पक्षबाट कम्तिमा १२६ र तत्कालीन ने.क.पा. (माओवादी) बाट २८ जना गरी १५४ जना व्यक्तिहरू मारिएका छन् । यस बाहेक विस्तृत शान्ति सम्झौता भएपछि कृयाशील विभिन्न सशस्त्र समूहहरूका कारण समेत व्यक्तिहरूको मृत्यु भएको पाइएको छ । शान्ति तथा पुनर्निर्माण मन्त्रालयले २०७१ सालसम्म शान्ति सम्झौतापछि मारिएका ५९ जना मृतकका परिवारलाई राहत दिएको उल्लेख गरेको छ ।

### (ख) वैयक्तिक मर्यादा तथा स्वतन्त्रताको अधिकार

विस्तृत शान्ति सम्झौतामा यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको अधिकार, व्यक्तिगत स्वतन्त्रताको अधिकार तथा स्वन्त्रतापूर्वक आवतजावत गर्ने अधिकार समावेश गरिएको छ । व्यक्तिलाई यातना दिने कार्यमा कमी आएको भए पनि यसको उन्मूलन हुन सकेको  छैन । यस अवधिमा कम्तिमा २४६ वटा यातना तथा कुटपीटका घटनाहरू भएको आयोगको अभिलेखबाट देखिएको छ । जसमा सरकार पक्षबाट १९८ र तत्कालीन ने.क.पा. (माओवादी) बाट ४८ वटा घटनाहरू भएका थिए । संविधानले यातना दिने कार्य दण्डनीय हुने उल्लेख गरे तापनि यातनालाई अपराधीकरण गर्ने गरी तयार गरिएको यातना नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६९ अझैसम्म पारित हुन सकेको छैन ।

शान्ति सम्झौतापछि विभिन्न समयमा राजनीतिक दल र तिनका भातृ संगठनहरूले पटकपटक बन्द, हड्ताल, उद्योगहरूमा तालाबन्दी गरेका कारण व्यक्तिको स्वतन्त्रतापूर्वक आवतजावत गर्ने, पेशा व्यवसाय गर्ने, रोजगारी गर्ने लगायतका अधिकारहरूको उपभोगमा गम्भीर असर परेको छ । राजनीतिक दलहरू तथा विभिन्न संगठनहरूले माग राखेर आन्दोलन गर्ने र सरकारको तर्फबाट त्यसलाई समयमा नै सम्वोधन नगर्ने गरेका कारण बन्द हड्ताल गर्ने प्रवृतिले निरन्तरता पाइरहेको छ । जसका कारण व्यक्तिहरूको सुरक्षा तथा स्वतन्त्रता मात्र नभई आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोगमा समेत गम्भीर अवरोध सृजना भइरहेको छ ।

### (ग) आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार

विस्तृत शान्ति सम्झौतामा रोजगारी, खाद्यान्न, शिक्षा, स्वास्थ्य, सम्पत्ति, सामाजिक सुरक्षासम्बन्धी अधिकारहरू समावेश गरिएका छन् । सशस्त्र द्वन्द्वपछि लोकतन्त्रको स्थापना भई महत्वपूर्ण राजनीतिक परिवर्तन हुँदा पनि राज्यले दुर्गम र विपन्न वर्गमा अपेक्षित रूपमा गास, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारी जस्ता आधारभूत आर्थिक तथा सामाजिक अधिकारमा आम नागरिकको पहुँच बढाउन सकिरहेको छैन । विद्यालय शान्ति क्षेत्र घोषणा गरिए पनि यसको कार्यान्वयन हुन सकेको छैन । सुकुम्बासी, कमैया, हलिया, हरूवा, चरुवा, कमलरी जस्ता सिमान्तीकृत समुदायमाथिको शोषण अन्त्य गर्न पहल भए पनि यस्ता समुदायको आर्थिक, सामाजिक अधिकारमाथिको पहुँच बढाउने कार्य सन्तोषजनक रूपमा हुन सकेको छैन । रोजगारीको अभावमा करिब ५० लाख युवाहरू विदेशिनु परेको अवस्था छ । विदेशिएका कामदारहरू मध्ये कतिपयले उतै ज्यान गुमाउनु परेको र कतिपयको काम र जीवन समेत जोखिममा रहेको अवस्था छ । सरकारले देशभित्र

उद्योग, कलकारखाना स्थापना गरेर रोजगारी दिनेभन्दा पनि वैदेशिक रोजगारीलाई प्राथमिकता दिने कार्यलाई निरन्तरता दिएको अवस्था छ ।

विस्तृत शान्ति सम्झौतामा प्रतिबद्धता जनाइएबमोजिम वैज्ञानिक भूमिसुधारको कार्यक्रम बनाई लागू हुन नसक्दा आर्थिक र सामाजिक अधिकारको उपभोग सहज हुन सकेन । मुक्त कमैया, सुकुम्बासी, हलिया, हरवा, चरवा र भूमिहीनहरूको समस्या समाधानको लागि पर्याप्त पहल नभएका कारण ती समुदायहरू अझै आन्दोलित छन् । भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन हुन सकेन । बाढी, भूकम्प, भू-क्षयलगायत प्राकृतिक प्रकोपबाट पीडितहरूको समस्या समयमा नै सम्बोधन नहुँदा पीडितहरू सुकुम्बासी बन्नुपर्ने अवस्थाको अन्त्य हुन सकेको छैन । सुकुम्वासी समस्या समाधानको लागि पटक पटक आयोगहरू गठन  भए तापनि समस्या यथावतै रहेको छ ।

सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका वा नष्ट गरिएका सम्पत्तिको क्षतिपूर्ति हुन सकेको छैन भने व्यक्तिगत सम्पत्ति कब्जा गर्ने कार्यले अझै निरन्तरता पाइरहेको छ । सशस्त्र द्वन्द्वको क्रममा रोजगारी गुमाएका व्यक्ति तथा सुरक्षाकर्मीको समस्या समाधान गर्न समेत ठोस पहल गरिएको पाइएको छैन । यसको साथै सशस्त्र द्वन्द्वको क्रममा अङ्गभङ्ग भएका व्यक्तिहरूलाई पर्याप्त सहायता हुन सकेको छैन ।

### (घ) महिला तथा बालबालिकाको अधिकार

विस्तृत शान्ति सम्झौतामा महिला तथा बालबालिकाको अधिकार संरक्षणको व्यवस्था गरिएको छ । सशस्त्र द्वन्द्वको क्रममा यौनजन्य हिंसाका घटनाहरू घटेका तर ती घटनाहरूको अभिलेखीकरण समेत हुन नसकेको अवस्था छ । सम्झौतामा उल्लेख गरेबमोजिम वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई संवोधन गर्ने भनिए तापनि ती सबै वर्गको समानताको लागि केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी समावेशी, लोकतान्त्रिक पुनर्संरचना गर्ने कार्य प्रमुख राजनीतिक दलहरूबीचको असमझदारीको कारण अझै सम्भव हुन सकेको छैन । सम्झौताका पक्षधरहरू पनि व्यवहारिक रूपमा समावेशी हुन सकेका छैनन् । व्यवस्थापिका संसदमा भने राज्यका अन्य निकायहरूका तुलनामा महिला प्रतिनिधित्व बढी भएको अवस्था छ । त्यसलाई आगामी निर्वाचनहरूमा बढाउँदै लानुपर्ने देखिन्छ ।

नेपाल सरकारले संयुक्त राष्ट्र संघीय प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनको लागि कार्ययोजना बनाई लागू गरेको छ । जसअन्तर्गत अन्तरक्रिया तथा अभिमुखीकरण, द्वन्द्वपीडित महिला तथा बालिकाका लागि सीपमुलक तालिम, सचेतनामूलक कार्यक्रम, क्षमता विकास कार्यक्रमलगायत राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सघाउ पुग्ने क्रियाकलापहरू संचालन गरिएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालयले उल्लेख गरेको छ । मन्त्रालयका अनुसार यसका लागि कूल ८४ करोड ४५ लाख बजेट स्वीकृत गरिएको छ । तर यसको कार्यान्वयन पक्ष सन्तोषजनक रहेको पाइँदैंन ।

सशस्त्र द्वन्द्वको क्रममा तत्कालीन नेकपा माओवादीबाट बालसैन्यका रूपमा प्रयोग भएका बालबालिकाहरूलाई सैन्य शिविरबाट बाहिर ल्याइएको भए तापनि पर्याप्त परिपूरण पाउन नसक्दा उनीहरूको जीवन कष्टकर भएको छ । नेपाल सरकारले उपलब्ध गराएको राहतले उनीहरूको आवश्यकता पूरा गर्न सकेको छैन । वहिर्गमित लडाकुहरूको शिक्षा, स्वास्थ्य, रोजगारी, तालिम र अवसरहरूको सृजनामा राज्यले ध्यान दिने तथा उनीहरूको क्षमताको उपयोग गर्नेतर्फ पर्याप्त कदम चालेको पाइँदैन । यसकारण ४००९ जना बहिर्गमित लडाकुहरूले लामो समयदेखि आन्दोलन गरिरहेका छन् । यस्ता बहिर्गमित लडाकुहरूका समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न सरकारी प्रयास नितान्त अपर्याप्त भएको पाइएको छ । तत्कालीन माओवादी सेनामा करिब ४००० जना महिलाहरू भएका भनिए पनि समायोजनमा केवल १०५ जना मात्र समाहित हुनुले लैंगिक पक्ष कमजोर रहेको छ । अझैपनि राज्यले यस क्षेत्रमा महिलाको सशक्तिकरण गर्नु पर्ने देखिन्छ ।

### (ङ) आन्तरिक विस्थापन

सशस्त्र द्वन्द्वको क्रममा ठूलो संख्यामा मानिसहरू आफ्नो थातथलो छोड्न बाध्य भएका थिए । शान्ति सम्झौतापछि धेरैजसो पीडितहरू आफ्नो घर फर्केको भए तापनि उनीहरूले राज्यबाट पर्याप्त परिपूरण पाउन सकेका छैनन् । राहत

तथा परिपूरणमा राज्यबाट पीडितहरूलाई समान व्यवहार गर्न नसकेको पाइएको छ । विभिन्न जिल्लाहरूमा विस्थापित कतिपय व्यक्तिको कब्जा गरिएको सम्पीत्त अझैसम्म पनि फिर्ता हुन सकेको छैन । कतिपय स्थानहरूमा नेकपा (माओवादी) का कार्यकर्ताहरूबाट जग्गाधनीको इच्छाविपरीत सम्पत्ति हस्तान्तरण समेत गराइएको जानकारी सार्वजनिक भएका छन् ।

### (च) बलपूर्वक बेपत्ता

द्वन्द्वरत पक्षको कब्जामा रहेका व्यक्तिहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरिए पनि दश वर्ष बितिसक्दासम्म बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुनसकेको छैन । राष्ट्रिय मानव अधिकार आयोगमा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएको भनी परेका उजुरीहरूमध्ये ८४२ जनाको अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको छैन । नेपाल सरकारले १५३० जना बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत उपलब्ध गराए तापनि लामो समयसम्म आफन्तहरूको अवस्थाको यथार्थ जानकारी पाउन नसक्दा बेपत्ता पारिएका परिवारले गम्भीर पीडा व्यहोरिरहनु परेको अवस्था छ । बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने, बेपत्ता पार्ने कार्यलाई अपराधीकरण गर्ने तथा दोषीलाई कानुनी कारवाही गर्ने सम्बन्धमा यस आयोग, सर्वोच्च अदालत र संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले दिएका सुझाव तथा निर्देशनको अझैसम्म कार्यान्वयन हुन सकेको छैन ।

### (छ) संक्रमणकालीन न्याय

मानव अधिकार हननका घटनाहरूमा सत्यतथ्य पता लगाई पीडितलाई न्याय र परिपूरण दिँदै समाजमा मेलमिलापको वातावरण सृजना गर्ने प्रतिवद्धता व्यक्त गरिए तापनि सो अनुरूप सशस्त्र द्वन्द्वको क्रममा भएका हत्या, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौन हिंसा, सम्पत्ति कब्जा, बलपूर्वक विस्थापनलगायतका घटनाहरूबाट पीडित व्यक्तिहरूले लामो समयसम्म पनि न्याय एवम् परिपूरण प्राप्त गर्न सकेका छैनन् । बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ पारित भई सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भई ती आयोगहरूमा क्रमश: ५३०१६ वटा र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा २९४१ वटा उजुरीहरू दर्ता भएको बुझिन आएको छ ।

राष्ट्रिय मानव अधिकार आयोग, सर्वोच्च अदालत, संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय तथा द्वन्द्व पीडितहरू समेतले उक्त ऐन अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नभएको भनी त्यसमा सुधार गर्नुपर्ने उल्लेख गरेपछि नेपाल सरकारले त्यसमाथि संशोधनको तयारी गरेको भनिए तापनि सो विधेयक आयोगमा सहजताका साथ प्राप्त हुन सकेन । आयोगको लामो प्रयासपछि प्राप्त मस्यौदा विधेयक मानव अधिकार र पीडितमैत्री नभएको पाइएको छ । मूल रूपमा ऐनको दफा २६ मा रहेको क्षमादानसम्बन्धी व्यवस्थाले गम्भीर मानव अधिकार हननका घटनामा पनि क्षमादान हुन सक्ने तथा दफा २२ बमोजिम मेलमिलाप गराउँदा पीडितको सहमति अनिवार्य नगरिएको लगायतका व्यवस्थाहरू अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नभएको पाइएको छ । यसका साथै बलपूर्वक बेपता र यातनालाई अपराधीकरण नगरिएको र विद्यमान कानुनमा रहेका हदम्यादसम्बन्धी व्यवस्थाले यातना तथा बलात्कार जस्ता घटनाका दोषीले उन्मुक्ति पाउन सक्ने देखिन्छ ।

यस अवधिमा, सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन र संयन्त्रहरूको निर्माण भए तापनि देशमा विद्यमान दण्डहीनताको अवस्थाका कारण पीडितहरू न्याय पाउने कुरामा अझै पनि आश्वस्त हुन सकेका छैनन् । सशस्त्र द्वन्द्वको क्रममा हत्या तथा बलपूर्वक बेपत्तासम्बन्धी उजुरीहरूमाथि यस आयोगबाट अनुसन्धान गर्दा गम्भीर मानव अधिकार हनन् भएको तथ्य प्रमाणित भइसकेको छ । जनकपुरमा पाँच जना युवालाई बेपत्ता पारिएको घटना यसको एउटा उदाहरण हो । जनकपुरबाट बेपत्ता पारिएका पाँच जना युवाहरूको शव उत्खनन् गरी आयोगले अनुसन्धान गर्दा उनीहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेर हत्या गरेको तथा उक्त घटनामा गम्भीर मानव अधिकार उल्लंघन गरेको तथ्य प्राप्त भएको थियो । यसैगरी सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन ने.क.पा. (माओवादी) का कार्यकताहरूबाट मारिएका गोरखाका कृष्णप्रसाद अधिकारीको हत्याको घटनामा न्यायको माग गरी मृतकका बाबु नन्दप्रसाद अधिकारी र आमा गङ्गामाया अधिकारी आमरण अनशन बसेकोमा अनशन बसेको ३३३ दिनमा २०७१ असोज ६ गते नन्दप्रसाद अधिकारीको दु:खद निधन भयो । निजहरूको लामो संघर्षपछि चितवन जिल्ला अदालतमा मुद्दा दर्ता भई विचाराधीन रहे

पनि सबै आरोपितहरू कानुनी दायरामा नआएको भन्दै मृतककी आमा अझै आन्दोलित छिन् । सरकारले स्व. नन्दप्रसादको पार्थिव शरीरलाई सम्मानपूर्वक अन्तिम संस्कार गर्ने जानकारी सार्वजनिक गरेको भए पनि अझैसम्म अन्तिम संस्कार हुन सकेको छैन ।

**(ज) दण्डहीनता**

नेपालमा मानव अधिकार संरक्षणमा दण्डहीनता एउटा ठुलो चुनौतीका रूपमा रहेको छ । मानव अधिकार एवम् मानवीय कानुनको गम्भीर उल्लङ्घन तथा अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा नल्याउनु, अनुसन्धान नगर्नु, अभियोजन नगर्नु र न्याय दिन नसक्नु वा न्याय दिन प्रत्यक्ष वा परोक्ष रूपमा इन्कार गर्नु दण्डहीनताको अवस्थाका सूचकहरू हुन् । फौजदारी अपराधका घटनाहरूमा जाहेरी लिन इन्कार गरिनु, प्रभावकारी अनुसन्धान नहुनु, अदालतमा विचाराधीन तथा अनुसन्धानको क्रममा मुद्दा फिर्ता लिइनु, अदालतबाट दोषी ठहर भएका व्यक्तिहरूलाई कानुनको दायरामा ल्याई कारबाही नगरिनुबाट दण्डहीनताले प्रश्रय पाएको छ । त्यसैगरी, राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार उल्लंघनमा संलग्न भएको ठहर गरी नेपाल सरकारलाई कानुनी कारवाही गर्न सिफारिस गरेका द्वन्द्वकालीन घटनाहरूमा पनि आयोगको सिफारिसबमोजिम छानविन नगरी त्यस्ता आरोपित अधिकारीहरूलाई नियुक्ति र पदोन्नतिलगायतको वृत्ति विकासको अवसर दिनुले मुलुकमा दण्डहीनता संस्थागत हुँदै गएको छ । विस्तृत शान्ति सम्झौतामा दुवै पक्षले राजनीतिक मुद्दा मात्र फिर्ता लिने प्रतिबद्धता गरेका भए तापनि गम्भीर प्रकृतिका फौजदारी अपराधका मुद्दाहरू समेत फिर्ता लिइएको पाइएको छ ।

**(झ) बारुदी सुरुङ्ग**

सशस्त्र द्वन्द्वको क्रममा प्रयोग भएका बेवारिसे विष्फोटक पदार्थहरूको कारणबाट समेत कम्तिमा ५३ जना व्यक्तिहरूको मृत्यु भएको पाइएको छ । यसरी मारिनेमा बालबालिकासमेत छन् । द्वन्द्वकालमा बिच्छ्याइएका ५३ स्थानका बारुदी सुरुङ्ग र ३४१ स्थानका Improvised Explosive Devices (IED) Field हरू नष्ट गर्ने कार्य सम्पन्न भए तापनि सशस्त्र द्वन्द्वको क्रममा प्रयोग भएका हतियार र विष्फोटक पदार्थहरू अझै पनि मुलुकका विभिन्न भागमा फेला परिरहेको र विष्फोटन समेत भई सर्वसाधारणको अंगभंग हुन गएको छ । सम्झौतामा प्रतिवद्धता जनाइएबमोजिम सुरक्षा निकायबाट विच्छ्याइएका बारुदी सुरुङ्गहरूको पहिचान गरि Demining गर्ने कार्य भए तापनि तत्कालीन ने.क.पा. (माओवादी) पक्षबाट सम्झौताबमोजिम त्यस्ता स्थानहरूको रेखाङ्कन गरी निर्मूल र निष्क्रिय गरेको पाइएको छैन ।

**ञ) युद्धको समाप्ति**

युद्धरत दुवै पक्षले शान्ति सम्झौतामार्फत सशस्त्र युद्धको समाप्तिको घोषणापश्चात् नेपाली सेनालाई ब्यारेकमा र माओवादी सेनाका लडाकुहरूलाई अस्थायी शिविरहरूमा व्यवस्थापन गरियो । हतियार व्यवस्थापन कार्य औपचारिक रूपमा सम्पन्न भए तापनि द्वन्द्वका बेला प्रयोग भएका हतियारहरू देशका विभिन्न भागमा फेला परेको र विभिन्न आपराधिक घटनाहरूमा प्रयोगसमेत भएको तथ्य सञ्चार अनुगमनबाट पाइएको छ । शान्ति सम्झौताको एक पक्ष ने.क.पा. (माओवादी) शान्ति प्रक्रियातर्फ उन्मुख भए तापनि उक्त दलबाट छुट्टिएका विभिन्न समूहहरू अझै पनि सशस्त्र युद्धको आवश्यकताको वकालत गर्दै समय समयमा शिक्षण संस्थाहरूमा विष्फोटन, बन्द, हड्ताल, चन्दा असुली जस्ता कार्य गरिरहेका छन् । यसबाट शान्ति सुरक्षा तथा मानव अधिकारको संरक्षणमा थप चुनौती खडा हुने देखिन्छ ।

## ४. विश्लेषण तथा निष्कर्ष

नेपाल सरकार र तत्कालीन ने.क.पा. (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता, २०६३ बाट एक दशक लामो सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य भएको छ । जसको परिणाम मुलुकको मानव अधिकार अवस्थामा सुधार आएको छ । शान्ति सम्झौतामा प्रतिवद्धता व्यक्त गरिएको हतियार व्यवस्थापन, विद्रोही लडाकुहरूको व्यवस्थापन एवं संविधानसभाबाट संविधान जारी गर्ने कार्य जस्ता महत्वपूर्ण कार्यभार पूरा भई मुलुक शान्तितर्फ उन्मुख भएको छ ।

विस्तृत शान्ति सम्झौतामा मानव अधिकारका विविध विषयहरू परिपालना गर्ने प्रतिवद्धता जनाइएको भए तापनि त्यसको कार्यान्वयनमा धेरै चुनौतीहरू रहेका छन् । विस्तृत शान्ति सम्झौताको पूर्ण कार्यान्वयन नहुँदा मानिसको मर्यादित रूपमा बाँच्न पाउने आधारभूत मानव अधिकारको संरक्षण हुन सकेको छैन । विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौमसत्ता र जनताको सर्वोच्चता, संवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनैतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहीता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनैतिक प्रणाली अवलम्वन गर्ने भन्ने प्रतिवद्धता व्यवहारमा अझै लागू हुन सकेको छैन ।

राजनीतिक दलहरू र तिनका भातृ संगठनबाट भएका आन्दोलन र त्यसक्रममा भएका बन्द हड्तालबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध र नेपालको संविधानले प्रदान गरेको व्यक्तिको स्वतन्त्रतापूर्वक आवतजावत गर्ने, पेशा व्यवसाय गर्ने, रोजगारी गर्ने स्वतन्त्रता नराम्ररी प्रभावित भएका छन् । यसबाट स्वास्थ्यलगायत अत्यावश्यकीय मानवीय सेवा तथा शिक्षाको अधिकार समेत प्रभावित भएको देखिन्छ । विभिन्न जातजाति, समुदाय तथा वर्गहरूले आफ्ना अधिकार प्राप्तिको लागि उठाएका मागहरूका सम्बन्धमा सम्झौता र सहमति भए/गरे तापनि सो सम्झौताहरूको कार्यान्वयनमा भएको सरकारी उदासिनताले यस्ता आन्दोलनहरू दोहोरिइरहने गरेको छ । आन्दोलनका मागहरूलाई सरकारले यथासमयमा सम्बोधन गर्ने प्रयास नगर्ने, आन्दोलनलाई नियन्त्रण गर्ने क्रममा प्रहरीबाट अत्यधिक बलको प्रयोग गरिने तथा प्रदर्शनकारीले आन्दोलनलाई शान्तिपूर्ण नबनाउने कारणले आधारभूत मानव अधिकार उपभोगमा गम्भीर समस्याहरू सृजना हुने गरेका छन् ।

शान्ति प्रकृयामा महिलाको सार्थक सहभागिता अझै सुनिश्चित नभएको तथा द्वन्द्व प्रभावित महिलाहरूले न्याय र परिपूरण प्राप्त गर्न नसकिरहेको सन्दर्भमा संयुक्त राष्ट्र संघीय प्रस्ताव नं. १३२५ र १८२० को प्रभावकारी कार्यान्वन हुन नसकेको देखिन्छ ।

सशस्त्र द्वन्द्वमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था अझैसम्म पनि सार्वजनिक हुन नसक्नु विस्तृत शान्ति सम्झौता कार्यान्वयनको ठूलो चुनौती हो । यस्तै सशस्त्र द्वन्द्वको क्रममा मारिएका व्यक्तिहरूका परिवारले अझैसम्म पनि न्यायको अनुभूति गर्न नपाउनु अर्को गम्भीर चुनौती हो । यौनजन्य हिंसा, यातना जस्ता गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरूको अभिलेखीकरणसमेत नभइरहेको अवस्थाले विस्तृत शान्ति सम्झौताको पूर्ण कार्यान्वयन हुन नसकेको स्पष्ट हुन आएको छ ।

विस्तृत शान्ति सम्झौताले परिकल्पना गरेको नागरिकहरूको समुन्नति हुने प्रमुख अधिकारको रूपमा रहेको आर्थिक, सामाजिक अधिकारको कार्यान्वयन पनि सन्तोषजनक रहेन । आधारभूत आर्थिक सामाजिक अधिकारबाट वञ्चितीकरण द्वन्द्व सृजनाको प्रमुख कारक हो भन्ने तथ्य स्थापित भइसकेको सन्दर्भमा गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा तथा रोजगारी जस्ता आधारभूत अधिकारको संरक्षणमा राज्यले विशेष ध्यान केन्द्रित गर्नु आवश्यक देखिन्छ ।

सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार हननका घटनाहरूको सम्वोधन गर्न स्थापित संयन्त्रहरू राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस, सर्वोच्च अदालतको आदेश र संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयको सुझाव अनुरूप नहुँदा पीडितलाई न्याय प्रदान गर्न सक्षम नभएको देखिन्छ । ती संयन्त्रलाई सक्षम बनाउनको लागि यस आयोगको सिफारिस बमोजिम सम्बन्धित कानुनको यथाशीघ्र संशोधन गरी अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउन नेपाल सरकार र राजनीतिक दलहरू जिम्मेवार हुन आवश्यक छ । मानव अधिकारको गम्भीर उल्लंघनकर्तालाई कानुनी कारवाही गर्ने, पीडितको सहमतिमा मेलमिलाप गर्ने तथा बलपूर्वक बेपत्ता र यातनालाई अपराधीकरण गर्ने एवम् विद्यमान हदम्यादसम्बन्धी समस्याको समाधान गर्न कानुनमा यथाशीघ्र परिमार्जन गर्नु आवश्यक छ । द्वन्द्व पीडितहरूको सत्यतथ्य जान्न पाउने अधिकारको संरक्षण गरी उनीहरूलाई न्याय र परिपूरणबाट सन्तुष्टि प्रदान गरी मेलमिलाप र संस्थागत सुधारको माध्यमबाट भविष्यमा यस किसिमका घटनाहरूको पुनरावृत्ति हुन नदिने कुराको सुनिश्चितता भएमा मात्र संक्रमणकालीन न्यायको कार्यभार पूरा भई विस्तृत शान्ति सम्झौताको वास्तविक कार्यान्वयन हुने देखिन्छ ।

सशस्त्र द्वन्द्वमा प्रयोग भएका हतियारहरूको यथोचित व्यवस्थापन, वर्हिगमित बालसैन्यको दीर्घकालीन व्यवस्थापनलगायतका विषयहरू शान्ति सम्झौताका अभिन्न अंग हुनुको साथै मानव अधिकारका महत्वपूर्ण विषय भएको हुँदा राज्यले समयमै त्यसको उचित सम्बोधन गर्नु आवश्यक छ ।

## ५. सिफारिश तथा सुझावहरू

प्राप्त तथ्यहरूको विश्लेषणको आधारमा निम्न सिफारिश तथा सुझावहरू प्रस्तुत गरिएको छ :

### (क) नेपाल सरकारलाई

१) व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्दै मुलुकमा दिगो शान्ति स्थापनाको लागि राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारको सुनिश्चितता गर्न ।

२) नेपाल सरकारबाट यस आयोगमा हालै प्राप्त "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१"को संशोधन विधेयक राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस, सर्वोच्च अदालतको आदेश, संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयको सुझाव अनुकुल नदेखिएकोले सो बमोजिम परिमार्जन गरी पीडित र सरोकारवालाहरूको आवश्यक परामर्श लिई अन्तर्राष्ट्रिय मापदण्डअनुकुल हुने गरी संशोधन गर्न ।

३) शान्ति प्रकृयामा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्दै विशेष प्राथमिकताका साथ द्वन्द्वपीडित महिलाको मानव अधिकार संरक्षण गर्न ।

४) बहिर्गमित बालसैन्यहरूको शिक्षा, रोजगारीलगायत पुनर्स्थापनाको तत्कालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयन
गर्न ।

५) सशस्त्र द्वन्द्वको कारण शारीरिक र मानसिक अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना र परिपूरणको लागि विशेष कार्यक्रम बनाई लागू गर्न ।

६) बिस्तृत शान्ति सम्झौता बमोजिम नेपाली सेनालाई मानव अधिकार र लोकतन्त्रको मूल्यद्वारा प्रशिक्षित गरी पुनर्संरचना प्रकृयामा समावेशीताको सिद्धान्त अवलम्वन गर्न ।

७) विद्यमान दण्डहीनताको अवस्था अन्त्य गर्न सशस्त्र द्वन्द्व र सोपछि भएका गम्भीर मानव अधिकार उल्लंघनमा संलग्न व्यक्तिहरूलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कानूनी कारवाही गर्न ।

८) सशस्त्र द्वन्द्वको क्रममा भएका विस्थापन र सम्पति कब्जा तथा क्षति सम्बन्धी समस्या हालसम्म पनि पूर्ण रुपमा सम्बोधन हुन नसकेको सन्दर्भमा त्यस्ता सम्पति फिर्ता गर्न, पीडितहरूलाई क्षतिपूर्ति उपलब्ध गराउन र विस्थापन सम्बन्धी समस्याको शीघ्र समाधान गर्न ।

### (ख) राजनीतिक दलहरूलाई

१) संक्रमणकालीन न्यायलगायत विस्तृत शान्ति सम्झौतामा प्रतिवद्धता व्यक्त गरिएका मानव अधिकारसम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन तथा दण्डहीनताको अन्त्य गर्नको लागि दलीय सहमति कायम गरी वास्तविक रूपमा संक्रमणकालीन न्याय प्राप्तिको बाटो खुल्ला गर्न ।

२) राजनीतिक दलहरूबाट हुने विरोध तथा प्रदर्शन एवं अन्य कृयाकलापहरू शान्तिपूर्ण र लोकतान्त्रिक पद्धति अनुरूप गर्ने कुराको सुनिश्चितता गर्न ।

***